**July 19th, 2024** **Friday**

**प्रमुख समाचार:**

- माइक्रोसफ्ट सफ्टवेयरमा भएको त्रुटिका कारण विश्वभरका बैंकिङ सेवाहरू, अन्तर्राष्ट्रिय हवाई यातायात लगायत धेरै सेवाहरू प्रभावित
- युवा मामिला तथा खेलकुद मन्त्री श्री डा. मनसुख मण्डावियाद्वारा खेलो इन्डिया उदीयमान प्रतिभाको पहिचान- कीर्ति पहल दोस्रो चरणको उद्घाटन
- देशमा मातृ मृत्युदर घटाउन सरकारले काम गरिरहेको स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री श्रीमती अनुप्रिया पटेलको भनाइ
- अनि श्रीलंकामा जारी एसिया कप महिला **T20** क्रिकेटमा वर्तमान च्याम्पियन भारतले पाकिस्तानको सामना गर्दै

**Civil Aviation - Microsoft**

माइक्रोसफ्ट सफ्टवेयरमा भएको त्रुटिले विश्वभरका लाखौं मानिसहरूलाई असर गरेको छ । यसका कारण प्रमुख उद्योगहरू, बैंकिङ सेवाहरू र अन्तर्राष्ट्रिय हवाई यातायातहरूको सञ्चालन अवरुद्ध भएका छन्। भारतमा इन्डिगो, आकाशा र स्पाइसजेट एयरलाइन्सको उडान देशभर प्रभावित भएको छ । विश्वभरका वायुसेवा कम्पनीहरूले बिहानैदेखि आफ्नो चेक-इन प्रणालीमा समस्या भएको बताएका छन्। तिनीहरू हाल यो समस्या समाधान गर्न माइक्रोसफ्टसँग सम्पर्कमा छन्। भारतमा मुम्बई एयरपोर्ट सबैभन्दा बढी प्रभावित भएको छ भने दिल्ली एयरपोर्टको टर्मिनल २ ले सञ्चालनमा सबैभन्दा बढी अवरोध भोगिरहेको छ । यो त्रुटि अमेरिकाको साइबर सुरक्षा प्रदायक क्राउडस्ट्राइकको कारण भएको बताइएको छ। सरकार माइक्रोसफ्टको सफ्टवेयरमा भएको त्रुटिको समाधान हेतु माइक्रोसफ्ट र यसका साझेदारहरूसँग सम्पर्कमा छ । सूचना प्रविधिमन्त्री श्री अश्विनी वैष्णवले यो समस्याको कारण पहिचान गरिएको र समस्याको समाधान गर्न अनुगमन गरिरहेको बताउनुभएको छ।

**Parliament – Monsoon Session**

सरकारले आगामी सातादेखि सुरु हुने संसदको मनसुन अधिवेशनमा विपद् व्यवस्थापन ऐन संशोधनसहित ६ वटा नयाँ विधेयक पेश गर्ने भएको छ । संसद सचिवालयले हिजो साँझ जारी गरेको संसदीय बुलेटिनमा विधेयकको सूची सार्वजनिक गरिएको हो । संसदको मनसुन अधिवेशन जुलाई २२ देखि अगस्ट १२ सम्म चल्नेछ । वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले जुलाई २३ मा संसदमा केन्द्रीय बजेट प्रस्तुत गर्नु हुनेछ।

**Mandaviya – Kirti Pahal**

युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डावियाले आज नयाँ दिल्लीमा खेलो इन्डिया उदीयमान प्रतिभाको पहिचान- कीर्ति पहल दोस्रो चरणको उद्घाटन गर्नुभयो। यसले तृणमूल स्तरको प्रतिभा पहिचान गरी एउटै मञ्चमा ल्याउने लक्ष्य राखेको छ। यस अवसरमा श्री मण्डवीयले कीर्ति पहलको उद्देश्य सहर, गाउँ, आदिवासी र हिमाली क्षेत्रबाट खेलकुद प्रतिभा खोज्नु रहेको बताउनुभयो ।

**Anupriya – Family Planning**

स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री श्रीमती अनुप्रिया पटेलले देशमा मातृ मृत्युदर घटाउन सरकारले काम गरिरहेको बताउनुभएको छ । उहाँले हरेक महिलाको जीवन महत्वपूर्ण भएको उल्लेख गर्दै मातृ मृत्युदर घटाउनका लागि ठोस पहल गर्नुपर्ने बताउनुभयो। श्रीमती पटेल आज नयाँ दिल्लीमा विज्ञहरूसँग परिवार नियोजनसम्बन्धी बैठकको अध्यक्षता गर्दै हुनुहुन्थ्यो। सरकारले प्रधानमन्त्री सुरक्षा मातृत्व अभियान र एनीमिया मुक्त भारत अभियान जस्ता धेरै योजनाहरू सुरु गरेको उहाँले बताउनुभयो।

**Highway Authority -Toll**

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणले फास्ट्याग नभएका सवारी साधनहरूबाट दोब्बर टोल लिने बताएको छ। प्राधिकरणले जानाजानी विन्डस्क्रिनमा **FASTag** नराख्दा टोल प्लाजामा अनावश्यक ढिलाइ हुने र अन्य मानिसहरूलाई असुविधा हुने गरेको बताएको छ। यस सम्बन्धमा प्राधिकरणले शुल्क असुली गर्ने सबै निकायलाई त्यस्ता सवारी साधनबाट दोब्बर शुल्क लिन आग्रह गर्दै विस्तृत मानक सञ्चालन कार्यविधि जारी गरेको छ ।

**MEA Bangladesh**

विदेश मन्त्रालयले बंगलादेशमा रहेका भारतीय नागरिकहरूलाई भारतीय उच्चायोगले जारी गरेको सल्लाह पालना गर्न र उच्चायोगसँग सम्पर्कमा रहन आग्रह गरेको छ। मन्त्रालयले हेल्पलाइन नम्बरहरू पनि जारी गरेको छ।  विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले छिमेकी देशमा करिब साढे आठ हजार विद्यार्थीसहित १५ हजार भारतीय नागरिक बसोबास गरिरहेको बताउनुभएको छ। उहाँले भारतीय नागरिकलाई सक्दो सहयोग गर्न मन्त्रालय प्रतिबद्ध रहेको पनि बताउनुभयो। उल्लेख्य, बंगलादेशमा सरकारी जागिरका लागि आरक्षण प्रणालीमा सुधारको माग गर्दै विद्यार्थीले गरेको प्रदर्शन हिंसात्मक बन्दा 39 जनाको मृत्यु भइसकेको छ।

**SC - NEET UG-2024**

सर्वोच्च अदालतले राष्ट्रिय परीक्षा एजेन्सीहरूलाई **NEET UG-2024** को परीक्षाको नतिजा भोलि दिउँसो १२ बजेसम्म वेबसाइटमा अपलोड गर्न निर्देशन दिएको छ। अदालतले उम्मेदवारको नाम नखुलाई नगर र केन्द्रगत नतिजा सार्वजनिक गर्न निर्देशन दिएको छ।

**UPSC Puja Khedkar**

संघ लोक सेवा आयोग-**UPSC** ले निजामती सेवा परीक्षा-२०२२ का लागि सिफारिस उम्मेदवार पूजा खेडकरको दुर्व्यवहारको विस्तृत र गहन अनुसन्धान गरेको छ। उनले नक्कली परिचय बनाएर आफ्नो नाम, बाबु र आमाको नाम, आफ्नो फोटो र हस्ताक्षर, इमेल आइडी, मोबाइल नम्बर र ठेगाना परिवर्तन गरी परीक्षा नियमअनुसार तोकिएको सीमाभन्दा धेरै पल्ट परीक्षा दिएकी थिइन्। **UPSC** ले पुलिसमा प्राथमिकी दर्ता गरेर उनी विरुद्ध आपराधिक मुद्दा चलाएको छ। उनको निजामती सेवा परीक्षाको उम्मेदवारी खारेज गरेको छ। साथै भविष्यमा हुने परीक्षा र छनोटमा अयोग्य साबित गर्दै कारण देखाउ सूचना जारी गरेको छ।

**Kwatra - Ambassador**

पूर्व विदेश सचिव श्री विनय मोहन क्वात्रा संयुक्त राज्य अमेरिकाका लागि भारतीय राजदूतमा नियुक्त हुनुभएको छ। सन् १९८८ ब्याचका भारतीय विदेश सेवाका अधिकृत श्री क्वात्राले चाँडै नै पदभार सम्हाल्ने सम्भावना छ।

**PM Mann Ki Baat**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मन की बात कार्यक्रमको आगामी संस्करणका लागि प्राप्त सुझावहरूप्रति खुशी व्यक्त गर्नुभएको छ। कार्यक्रम यही महिनाको २८ तारिक प्रशारण हुने छ। आज एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले आगामी मन की बात कार्यक्रमको लागि धेरै सुझावहरू प्राप्त भइरहेको बताउनुभयो।

**Women's T-20 Cricket**

श्रीलंकामा जारी एसिया कप महिला टी–२० क्रिकेट प्रतियोगितामा वर्तमान च्याम्पियन भारतले आज पाकिस्तानको सामना गर्दैछ। यो खेल भारतीय समय अनुसार साँझ ७ बजे डम्बुलामा सुरु हुनेछ। प्रतियोगिताको पहिलो खेल समूह 'ए' मा नेपाल र साउदी अरब इमिरेट्सबीच हुँदैछ।

**Commonwealth Fencing**

न्युजिल्यान्डमा जारी कमनवेल्थ फेन्सिङ च्याम्पियनसिपमा जम्मु कश्मीरका फेन्सरले एक रजत र तीन कास्य पदक जितेर भारतको गौरव बढाएको छ।

**Women's Open Golf Championship**

अर्कोतर्फ, नेदरल्याण्ड्समा आजदेखि सुरु हुने डच विमेन्स ओपन गल्फ प्रतियोगितामा भारतीय टोलीको नेतृत्व त्वेसा मलिकले गर्नेछिन्। उनीसँगै वाणी कपूर र रिधिमा दिलावरी पनि छन्।

**Tennis Swedish Open**

दुजे एज्दुकोभिच स्विडिस ओपन टेनिसको पुरुष एकलको सेमिफाइनलमा प्रवेश गरेका छन् । अहिले स्पेनका राफेल नाडालले अर्जेन्टिनाका मारियानो नाभोनको सामना गरिरहेका छन् ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

- माइक्रोसफ्ट सफ्टवेयरमा भएको त्रुटिका कारण विश्वभरका बैंकिङ सेवाहरू, अन्तर्राष्ट्रिय हवाई यातायात लगायत धेरै सेवाहरू प्रभावित
- युवा मामिला तथा खेलकुद मन्त्री श्री डा. मनसुख मण्डावियाद्वारा खेलो इन्डिया उदीयमान प्रतिभाको पहिचान- कीर्ति पहल दोस्रो चरणको उद्घाटन
- देशमा मातृ मृत्युदर घटाउन सरकारले काम गरिरहेको स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री श्रीमती अनुप्रिया पटेलको भनाइ
- अनि श्रीलंकामा जारी एसिया कप महिला **T20** क्रिकेटमा वर्तमान च्याम्पियन भारतले पाकिस्तानको सामना गर्दै